# झापा जिल्ला अदालत

प.सं.: ०८१।०८२
चलानी नं.:

भद्रपुर, झापा
प्रशासन शाखा

फोन नं. : ०२३-४५२०८९, ४५२७३१
Email:info.dcjhapa@supremecourt.gov.np
Website: supremecourt.gov.np/court/jhapadc


**"वैतनिक कानून व्यवसायीको नियुक्ति तथा सेवाका शर्त सम्बन्धी निर्देशिका, २०७६ को दफा २ बमोजिम"**

**झापा जिल्ला अदालतको सूचना**

विषय : वैतनिक कानून व्यवसायी नियुक्ति सम्बन्धी

सूचना प्रकाशित मिति- २०८२।०४।०६

प्रस्तुत विषयमा यस अदालतको मिति २०८२।४।५ को निर्णयानुसार यस अदालतमा मिति २०८२।०५।०६ देखि रिक्त हुने वैतनिक कानुन व्यवसायी पदमा रही काम गर्न इच्छुक अधिवक्ताहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस अदालतमा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

१. **पद** : वैतनिक कानून व्यवसायी

२. **अवधि** : एक (१) वर्ष

३. **मासिक पारिश्रमिक** : तोकिए अनुसार

४. **प्रदान गर्नुपर्ने सेवा** : तोकिए अनुसार

५. **संलग्न हुनुपर्ने कागजातहरू:**

(क) कानूनमा स्नातक/स्नातकोत्तरको प्रमाणपत्रको प्रतिलिपि,

(ख) अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) सम्बन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रतिलिपि,

६. **छनौटको किसिम** : अन्तरवार्ता र तोकिएका अन्य आधार,

७. **नियुक्ति लिन आउनु पर्ने अवधि** : नियुक्तिका लागि छनौट भएका उम्मेद्वारले छनौट भएको मितिले ७ दिनभित्र नियुक्ति लिन आउनु पर्ने ।

***पुनश्चः निवेदकहरुले यस अदालतको प्रशासन शाखामा निवेदन तथा ब्यक्तिगत विवरण (CV) सहित निवेदन पेश गर्नुहोला। साथै*** *थप जानकारीको लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्नुहोला ।*

२०८२।०४।०६

.........................
डिल्लीराम प्रसाईं
(श्रेस्तेदार/ उपसचिव)

श्रेस्तेदार
उप-सचिव